# तेस्रो अध्याय

## ३. कथाकार सानु लामाको व्यक्तित्व र कृतित्वको परिचय

### ३.१ सानु लामाको व्यक्तित्वको परिचय

कथाकार सानु लामाको व्यक्तित्वको परिचय दिने क्रमैले यहाँ निम्नलिखित उपशीर्षकका आधारमा प्रस्तुत गरिन्छ –

#### ३.१.१ जन्म, बाल्यकाल

सानु लामाको जन्म स्थान सिक्किमको राजधानी गान्तोकको विकास क्षेत्र हो। सन् १९३९ जून १५ विहिबार आफ्नै निवासमा उनको जन्म भएको हो। सानु लामा सिक्किम निवासी स्व पिता चन्द्रमान घिसिङ र स्व माता फूलमाया घिसिङका सुपुत्र हुन्।[1] यिनै गरूडसिंह लामा नेपाली साहित्यको उर्वरभूमिमा सानु लामा नामले परिचित छन्।

तीनजना छोराहरूमध्ये सानु लामा माहिला छोरा हुन्। उनको न्वारनको नाउँ गरूडसिंह लामा हो र आफ्नो पेशागत सन्दर्भमा उनी यसै नाउँले परिचित पनि छन्। आफ्ना यी दुईवटा नाउँले क्रमश: प्रतिनिधित्व गरेका कथाकार सानु लामाले सर्जक व्यक्तित्व र अभियन्ता व्यक्तित्व दुवै व्यक्तित्वलाई समानान्तर रूपमा उतिकै दक्षता र कार्यकुशलता पूर्वक विकसित गराउँदै ल्याएका छन्।[2]

---

[1] घनश्याम नेपाल (सन् १९९४), सानु लामा र उनको कथाकारिता - 'कथा सम्पद्'का सन्दर्भमा, कथाकार सानु लामा अभिनन्दन स्मारिका, नेपाली साहित्य प्रचार समिति(आयोजक), सिलगढी, पृ १८

[2] घनश्याम नेपाल (सन् १९९४), सानु लामा र उनको कथाकारिता 'कथा सम्पद्'का सन्दर्भमा, पूर्ववत्, पृ १८

आफूले बिताएका बाल्यकालको केही रमाइलो सम्झनाहरूबारे सानु लामा यसरी बताउँछन् – 'म सम्झन्छु बाल्यकाल जीवनको अति मूल्यवान् अवस्था हो, सम्पूर्ण जीवन कालको निधि हो। यो क्षण मेरो बढो सरलतासित बित्यो। म प्रत्येक क्षणलाई समझना सक्छु, सम्झना भए जति मधुमय लाग्छ, नभएकोमा तितोपन अनुभव हुन्छ। धेरै सम्झनाहरूमध्ये एउटा समझना सधै तिख्खर भएर मेरो मस्तिष्कमा उक्लन्छ। म ६, ७ वर्षको हुँदो हुँ, वर्षाकाल थियो दिनहुँ झरी बादल सिक-सिक् लाग्दो। म धेरै दिन जरोले बिमारी भएर भर्खरै ठिक हुँदै थिएँ। सधै झैं एक भारी घासँ बोकेर आमा आइपुग्नु भयो। घाँसको भारी बिसाएर म भएतिर आउनु भयो। पहिला मेरो निधार छाम्नु भयो, त्यसपछि बिहान जाँदा चिया हालेर लानुभएको कितलीको बिर्को खोलेर मलाई देखाउनु भयो कितलीभरि सुन जस्तो पहिला र सुनौला टपटप परेका ऐसेलु थिए। मैले कति ऐसेलु खाँए होला थाहा छैन तर थकित आमाको शोक, हर्ष मिश्रित मुहार र ती स्नेहमयी आँखाहरू म कहिले बिर्सन सक्तिन, ती आँखाहरूले मलाई जीवन सङ्घर्षमयी छ भनेका थिए, मलाई त्यही बेला सतर्क गराएका थिए, मेरी आमाको त्यो थकित तर हार नमान्ने मुहारबाट नै प्रेरित भएर यहाँसम्म आइपुगें, जीवनमा अघि बढ्ने प्रेरणा त्यसमा अझै थुप्रै छन्।'[३]

घरको आर्थिक स्थिति कमजोर भएको कारणले गर्दा सानु लामाको बाल्यकाल त्यति सुखपूर्ण देखिँदैन। पिता चन्द्रमान घिसिङ कहिले लामा पढ्थे त कहिले सानोतिनो ठिका लिएर काम पनि गरिहाल्थे। पिता कतै पूजापाठ र कर्मकाण्ड गर्न जाँदा सहायकको रूपमा कहिले-काहीँ सानु लामा पनि जाने गर्थे। त्यसरी पितासँग नगएको बेलामा उनले गाई चराउनुपर्थ्यो । यसरी सानु लामाले अनेकौँ समस्याहरूसित हातेमालो गर्दै आफ्ना बाल्यकालका दिनहरू बिताएको देखिन्छ। बाल्यकालदेखिका सानु लामाका रूचिहरूका आधारमा उनमा स्वाभिमानी बानीको बीजारोपण भएको

[३] मीमलाल सापकोटा (सन् १९९४), सानु लामासँग अन्तर्वार्ता, कथाकार सानु लामा अभिनन्दन स्मारिका, नेपाली साहित्य प्रचार समिति, सिलगढी, पृ ४५

देखिन्छ। यिनै बालसुलभ प्रकृति र स्वभावका आधारमा उनको किशोरावस्था र प्रौढावस्था अघि बढ्दै गएको देखिन्छ।

### ३.१.२ शिक्षा र कर्ममय जीवन

यसअन्तर्गत यहाँ भिन्ना-भिन्ने रूपमा शिक्षा र कर्ममय जीवनको अध्ययन प्रस्तुत गरिन्छ -

#### अ) शिक्षा

सानु लामाको शिक्षाको सुरुवात आफ्ना घरमै पिताबाट भएको थियो। यसरी अनौपचारिक शिक्षा चलिरहेको भए तापनि उनलाई ६ वर्षको उमेरमा स्थानीय 'टासी नामग्याल हाई स्कुल' (अहिलेको टासी नामग्याल एकाडेमी)-मा सन् १९४५ सालमा एक कक्षमा भर्ना गरियो।[४] शिक्षाको माध्यम अङ्ग्रेजी भए तापनि नेपाली विषय एक कक्षदेखि नै अनिवार्य थियो। सिक्किममा उहिलेदेखि नै नि:शुक्ल शिक्षा भएको हुनाले सानु लामाको शिक्षामा त्यस्तो ठूलो टार्न नसकिने बाधा आइपरेन।[५] सन् १९५३ सालमा उनले मेट्रिकको परीक्षा उत्तीर्ण गरेका थिए। यसै साल उनले पश्चिम बङ्गालको वर्द्धवान स्थित, 'महाराजाधिराज विजयचन्द्र इन्स्टिच्युट अफ् इन्जिनियरिङ एन्ड टेक्नोलोजी' मा इन्जिनियरिङको अध्ययन गर्नका निम्ति भर्ना भए। सन् १९५९ सालमा उनी इन्जिनियरिङको पढाइ पुरा गरेर उनी सिक्किम फर्के। लामाको औपचारिक शिक्षा यही टुङ्गिगए तापनि उनी अनौपचारिक रूपमा भने अहिले पनि अध्ययन, मननमा निरन्तर रहिरहेका छन्। पढाइ सकेर सिक्किम फर्केकै वर्षको जून महिनामा उनी सिक्किम सरकारको जनकार्य विभागमा नियुक्त भए। यसरी नियुक्त

[४] घनश्याम नेपाल (सन् १९९४), सानु लामा र उनको कथाकारिता 'कथा सम्पद्' का सन्दर्भमा, पूर्ववत्, पृ १८

[५] घनश्याम नेपाल (सन् १९९४), सानु लामा र उनको कथाकारिता 'कथा सम्पद्' का सन्दर्भमा, पूर्ववत्, पृ १८

भएपछि सानु लामा सरकारी कार्यालयमा धेरै वर्षसम्म काम गरेर सन् १९९७ सालमा सेवानिवृत्त भए।

### आ) कर्ममय जीवन

कथाकार सानु लामा नेपाली साहित्य जगत्मा 'पद्मश्री' पुरस्कारले विभूषित हुने पहिलो भारतीय नेपाली हुन्। पेसाले एकजना इन्जिनियर रहेका लामाले साहित्यिक र गैर साहित्यिक सङ्घ संस्थानहरूमा आफ्नो महत्त्वपूर्ण योगदान दिएका छन्। उनले भारतीय नेपाली राष्ट्रिय परिषद् सन् १९९० सालका संस्थापक सचिव, सिक्किम अकादमीका अध्यक्ष, नेसनल बुक्स ट्रस्ट, इन्डिया, नयाँ दिल्लीका सम्पादकीय सल्लाकार (नेपाली), बुद्धज लाइट इन्टरनेसनल एसोसिएसनका अध्यक्ष, अखिल भारतीय तामाङ बौद्ध सङ्घका संरक्षक, स्वामी विवेकानन्द केन्द्र मद्रासका आजीवन सदस्य, पूर्वाञ्चल सांस्कृतिक केन्द्र कलकत्ताका सदस्य, शिक्षा उपसमिति वर्ल्ड फेलोसिप अफ् बुद्धिस्ट्सका सदस्य, नेपाली परामर्श परिषद् (साहित्य अकादमी), नयाँ दिल्लीका सदस्य आदि विभिन्न सङ्घ संस्था र सङ्गठनहरूमा विभिन्न समयमा रही सक्रिय रूपमा काम गरेको पाइन्छ। मानिसले जस्तो कर्म गर्छ उस्तै फल पाउँछ भने झैँ सानु लामाले सक्रिय रूपमा विभिन्न कार्य गरे बापत् उनी विभिन्न पुरस्कारले सम्मानित पनि भएका छन्।

### ३.१.३ साहित्यिक जीवन

लामा परिवारमा जन्मेर हुर्केका सानु लामाको पेशागत नाम गरूङसिंह लामा भए तापनि उनको साहित्यिक नाम भने सानु लामा हो। स्व चन्द्रमान घिसिङका माहिला छोरा सानु लामाको जन्मदेखि चौध वर्षपछि मात्रै कान्छा छोराको जन्म भएको हुनाले

उनी नै घरका सानु भाइ बनिरहे। घरका सबैले उनलाई सानु भनेर बोलाउने गर्दथे। भाइ नजन्मेसम्म कान्छा छोराको स्थान ओगट्नपुगेका सानु लामा भाइ जन्मेपछि पनि यही नाममा नै यथावत रहें।[६] घरको सबैले माया गरेर बोलाउने नाम सानुलाई नै साहित्य क्षेत्रमा राख्ने उनको प्रबल इच्छा रह्यो । त्यसैले साहित्यिक जगत्मा उनलाई सानु लामा भनेर नै चिनिन्छ।

विद्यार्थी जीवनदेखि नै सानु लामाले साहित्यिक क्रियाकलापमा रुची राखेको देखिन्छ। निबन्ध लेखेर साहित्यमा प्रवेश गर्ने सानु लामा आफ्ना गुरु रश्मिप्रसाद आलेबाट धेरै प्रभावित भएका थिए। उनले लेखेको पहिलो निबन्ध 'खुकुरीको आत्मकथा' थियो जुन अब अप्राप्य छ। उनका धेरै फुटकर साहित्यिक लेखहरू 'दियालो, दियो, मालिङ्गो, प्रक्रिया, स्रष्टा र कनका' आदि पत्र-पत्रिकाहरूमा प्रकाशित भएका छन्। सानु लामाका लघु कथाहरू हिन्दी, अङ्ग्रेजी, उर्दू, असमीया र उडिया भाषाहरूमा अनुवाद भएका छन्।

सानु लामा नेपाली साहित्यका प्रख्यात कथाकारहरूमध्ये एकजना हुन्। यस सन्दर्भमा घनश्याम नेपालले सानु लामाबारे लेखेका छन् – 'नेपाली भाषामा कथा लेख्ने भारतेली कथाकारहरूको लेखो लाउँदै हिँड्नुपर्दा रूपनारायण सिंह, शिवकुमार राई, इन्द्र सुन्दास, इन्द्रबहादुर राईहरू हुँदै आएर सानु लामा पनि अब नटेकिई नहुने एउटा नाम सोपान हो। यसलाई फड्केर नाघेर हिँड्दा इतिहास लरखराउँछ।'[७] सानु लामाका कथाहरू सिक्किमेली ग्रामीण परिवेशमा लेखिएका छन्। उनमा एकातिर ग्रामीण जीवनको यथार्थ, नाता सम्बन्ध, सामाजिक सम्बन्ध, अनेकतामा एकता जस्ता

[६] मीमलाल सापकोटा (सन् १९९४), सानु लामासँग अन्तर्वार्ता, कथाकार सानु लामा अभिनन्दन स्मारिका, नेपाली साहित्य प्रचार समिति, सिलगढी, पृ ४६

[७] सानु लामा (सन् १९९४), कथा सम्पद् , के आर इन्टरप्राइजेस्, गान्तोक, सिक्किम, पृ ६

कुराहरूको अङ्कन रहेको पाइन्छ भने अर्कातिर वर्ग सङ्घर्षको चित्रण पाइन्छ। सानु लामाले आफैले देखेका, भोगेका, कुराहरूलाई नै पृष्ठभूमि बनाएर कथा लेखे तापनि उनका कथाले विशेष रूपमा सम्पूर्ण नेपालीहरूको जीवनवृत्त बोकेको हुन्छ। उनका कथामा सिक्किमको प्राकृतिक वातावरणको चित्रण रहेको पाइन्छ। उनका कृतिहरू यहाँ  निम्न तालिकामा राखेर प्रस्तुत गरिन्छ –

**तालिका सङ्ख्या २**

| | |
|---|---|
| १. कथा सङ्ग्रह | १. कथा सम्पद् (सन् १९७१ ) |
| | २. मृगतृष्णा (सन् १९९० ) |
| | ३. सूर्यको तेस्रो किरण (सन् २००८) |
| | ४. सानु लामाका साना कथाहरू (कल्पना त्रिपाठीद्वारा सम्पादित कृति, सन् २००८) |
| २. अनुवाद | १. भगवान बुद्ध, जीवन र दर्शन (सन् १९९३) |
| | २. गुरु पद्म सम्भव भाग १, २ (सन् १९९३) |

| | |
|---|---|
| ३. उपन्यास | १. हिमालचुली मन्तिर (सन् १९९८) |
| ४. गीत सङ्ग्रह | १.जहाँ बग्छ टिस्टा रङ्गित (सन् २०००) |
| ५. नियात्रा | १. आँगन परतिर (सन् २००१) |
| ६. निबन्ध | १. सिक्किममा नेपाली साहित्यको गतिविधि एउटा  चर्चा संक्षिप्तमा (तेस्रो कथा सङ्ग्रहभित्र राखिएको छ)। |

यसरी उक्त तालिकाका आधारमा सानु लामाले आफ्नो कलम कथा विधामा मात्र सीमित नराखेर साहित्यका अन्य विधाहरूमा पनि चलाएका छन् भन्ने कुरा स्पष्ट हुँदछ।

### ३.१.४ वैवाहिक र पारिवारिक जीवन

सानु लामा सरकारी कार्यमा सङ्लग्न भएको पाँच वर्षपछि अर्थात् पच्चीस वर्षको उमेर पुग्दा दार्जिलिङ निवासी प्रतापसिंह योन्जनकी अन्तरी छोरी कमला योन्जनसँग सन् १९६४को  जनवरी २६ तारिकको दिन विवाह गरी आफ्नो पारिवारिक जीवनमा प्रवेश गरेका हुन्। उनको विवाह आफ्नै वासस्थानमा तामाङ रीति अनुसार सुसम्पन्न भएको थियो। उनी दुईजना छोरा खाण्डुप रिन्छेन लामा र भिषु लामा अनि दुई छोरी अनुषा लामा र प्रेरणा लामा गरी जम्मा चारजना सन्तानका पिता हुन्।

सानु लामा आफ्ना जीवन चलाउन र पारिवारिक दायित्व निभाउन उनी एउटै पेशा अभियन्तामा नै निर्भर रहेको देखिन्छ। लामाकी धर्मपत्नी कमला लामा पनि शिक्षिकाको कार्यमा सङ्लग्न थिइन् तर छोराछोरीको शिक्षादिक्षालाई मध्यनजर राख्दै

जागिरबाट टाढा रहन पुगिन र आफ्ना नानीहरूको भविष्य उज्वल बनाउन सधै जुटिरहिन्। यसरी सानु लामाको पारिवारिक जीवनलाई हेर्दा सुखमय नै देखिन्छ।

### ३.१.५ धार्मिक सानु लामा

सानु लामाका पिता आफै गुम्बाका लामा भएका नाताले उनी पितासँग गुम्बा जाने र प्रवचनहरू सुन्ने गर्दथे। यसरी सानैदेखि बौद्धधर्मप्रति बसेको आस्था सानु लामामा ठूलो हुँदै गएपछि यसको उत्तरोतर विकास हुँदै गएको पाइन्छ । अत: लामा परिवारमा जन्मेका सानु लामाको बाल्यावस्थादेखि नै बौद्धधर्ममा गहिरो आस्था रहेको पाइन्छ। उनी बाबुसँग कहिले-काहीँ पूजापाठ र कर्मकाण्ड गर्न जजमान कहाँ पनि जाने गर्थे। उमेरसँगसँगै धर्मप्रति उनी अझ आस्थावान् र धर्मभीरु बनेको देखिन्छ। परिवारमा बौद्ध संस्कारअनुरुप विभिन्न समयमा परम्पराअनुरुप आयोजन गरिने विविध चाड पर्वहरूमा आफूलाई सहभागी गराउने गर्दथे भने यसबाट पनि यिनमा बौद्ध संस्कार र परम्पराप्रति झुकाव विकसित हुँदै गएको देखिन्छ। यस प्रकार उनी बौद्ध दर्शनबाट निकै प्रभावित रहेका छन्।

सानु लामा अखिल भारतीय तामाङ बौद्ध सङ्घका अध्यक्ष पनि रहिआएका छन्। उनी हरेक बिहान गान्तोकस्थित प्यालेस गुम्बा जाने गर्छन्।[८] सानु लामाको जीवनशैलीलाई नियाल्दा उनीभित्र लोभ, अज्ञान र रिस जस्ता नराम्रा अवगुणहरू पटक्कै देखिँदैनन्। यसका साथै धर्म मानव जातिको निम्ति हो भन्ने विश्वास उनीभित्र रहेको पाइन्छ।

---

[८] चुनिलाल घिमिरे (सन् २००५), पद्मश्री सम्मानद्वारा विभूषित कथाकार सानु लामा (जीवनी पुस्तक), नेपाली साहित्य परिषद्, गान्तोक, पृ २४

## ३.२ सानु लामाको कृतित्वको परिचय

सानु लामा कथाकारका रूपमा प्रख्यात भए तापनि उनले आफूलाई यस क्षेत्रमा मात्रै सीमित राखेका छैनन्। उनी कथाकारका साथसाथै कुशल गीतकार, उपन्यासकार, नियात्राकार, निबन्धकार तथा अनुवादक पनि हुन्। यहाँ यिनै कुराहरूबारे सङ्क्षिप्त रूपमा विवरण गरिने छ।

### ३.२.१ सानु लामाका कथाकृतिहरूको परिचय

भारतीय नेपाली कथा साहित्यमा सानु लामाको स्थान महत्त्वपूर्ण रहेको छ। उनका तीनवटा कथा सङ्ग्रह प्रकाशित छन्, ती हुन् ‘कथा सम्पद्’ (सन् १९७८), ‘मृगतृष्णा’ (सन् १९९०) र ‘सूर्यको तेस्रो किरण’ (सन् २००८)। यी बाहेक उनका साना कथाहरू पनि छन् । ईन्दिरा राई र सुरेखा प्रधान (जन्मना राई)-को सम्पादनमा प्रकाशित हुने ‘गोजिका’ पत्रिकामा सन् १९८२ को दिसम्बर ३, अङ्क ५, वर्ष ३ मा ती लघु कथाहरू प्रकाशित भएका छन्। तिनै लघु कथालाई कल्पना त्रिपाठीले सम्पादन गरी सन् २००७ सालमा ‘सानु लामाका साना कथाहरू’ शीर्षक दिएर पुस्तकाकारमा प्रकाशित गरेकी छन्। यस कथा सङ्ग्रहहरूभित्रका कथाहरूको सङ्क्षिप्त परिचय तल प्रस्तुत छ।

#### अ) ‘कथा सम्पद्’ कथा सङ्ग्रहभित्रका कथा

सन् १९७८ मा प्रकाशित ‘कथा सम्पद्’ सानु लामाका कथाहरूको पहिलो सङ्ग्रह हो। सन् १९९५ मा यसको दोस्रो संस्करण पनि प्रकाशित भएको छ। यस कथा सङ्ग्रहभित्र जम्मा १२ वटा कथाहरू छन्, ती हुन् १) स्वास्नीमान्छे, २) पहाडी फूल काँडाकै माझ, ३) अनुकम्पा, ४) गौरी, ५) इयर्रिङ, ६) फुर्बाले गाउँ छोड्यो, ७) कमला, ८) बलराम

थापाको कथा, ९) असिनाको मान्छे, १०) खानीटारमा एकदिन, ११) तृषित मरुद्यान र १२) सम्पत्ति। यहाँ क्रमैले यस कथाहरूको सङ्क्षेपमा चर्चा गरिन्छ -

**■ स्वास्नीमान्छे**

प्रस्तुत कथा सिक्किमको सिङ्ताम बजारस्थित कच्चा लाइनको परिवेशलाई लिएर लेखिएको हो। यस कथाको शीर्षकले नै कथावस्तुतिर पूर्वसङ्केत गरेको पाइन्छ। कथामा ठूलीकान्छीले मिङ्माको दुर्व्यवहारलाई एउटी स्वच्छहृदया वीराङ्गनाले गर्नुपर्ने प्रत्याक्रमणद्वारा परास्त गरिदिएकी छ। नारी अबला र दुर्बल तथा निकृष्ट जीवन मात्र हुँदैनन्, उनीहरू शक्तिस्वरूपा र पवित्र हुन्छन् भन्ने जानकारी दिनका निम्ति कथाकारले ठुलीकान्छीलाई थानामा उभअयाएर साहस वक्तव्य दिन लगाएका छन्। कथामा एकातिर निम्नमध्यम वर्गका मानिसको जीवन शैलीको चित्रण छ भने अर्कातिर नेपाली, भोटे, लाप्चे तथा मुसलमान आदि विभिन्न सम्प्रदायका मानिसहरूमाझ रहेको सम्प्रीति र सद्भावना अङ्कित पाइन्छ।

**■ पहाडी फूल काँडाकै माझ**

यो कथा पश्चिम सिक्किमअन्तर्गत रहेको तिमितार्कु गाउँको वर्षाकालीन परिवेशमा लेखिएको हो। यसमा पदमबहादुरमार्फत् दैनिक जीवनमा खटिखाने निम्नवर्गका मानिसहरूको कारुणिक आवस्थालाई चित्रण गर्न सफल भएको देखिन्छ। कथामा पदमबहादुरको इच्छा पैसा कमाएर आफ्नी छोरी दिलमायाको धुमधामसँग विहे गरिदिने हुन्छ। तर उसको इच्छा पूर्ण भएको छैन। परिस्थितिसँग जुझ्न नसक्दा अर्थात् कमाएको सबै पैसा चोरी भएको आघात सहन नसकेर उसले आत्महत्या गरेको छ भने उता दुइ वर्षपछि छोरीको पनि आकस्मिक मृत्यु हुन्छ।

■ **अनुकम्पा**

कथामा मानसिक र शारीरिक कमी कमजोरीका कारणले व्यक्तिमा उब्जेको हीनताभास प्रस्तुत गरिएको छ। बहु पात्र प्रयोग भएको यस कथामा ग्रामीण परिवेशमा प्रचलित अन्धविश्वास टङ्कारो रूपमा देखिन्छ। यस कथाभित्र प्रेममा अविश्वासको र धर्मप्रतिको आस्थामा अस्थिरता साथै सामाजिक यथार्थताको प्रयोग प्रचुर मात्रमा भएको छ। यसका साथै पुरुष दम्भमाथि व्यङ्ग्य गर्दै कथाले पुरुषप्रधान नेपाली समाजमा नारीको दयनीय स्थितिप्रति सहानुभूति दर्शाएका छन्।

■ **गौरी**

'स्त्रीको चरित्र र पुरुषको भाग्य जान्न सकिन्न'[९] भन्ने कथनबाट कथाको प्रारम्भ गरिएको छ। यस कथामा नारी पात्र गौरीले नारीमा पनि पुरुष सरह स्वनिर्भर हुनसक्ने क्षमता हुन्छ भन्ने प्रमाण प्रस्तुत गरेकी छ। यद्यपि ऊ घरबाट टाढा गएर जागिर भई बसेकोमा घर-छिमेकी लगायत आफ्नै दाजू विक्रम समेतले उसको चरित्रमाथि शङ्का गरेका छन्। गौरीले प्रायः केटा साथीहरूको सङ्गत मन पराउँछे भने बाबु र दाजुलाई यही कुरा पटक्कै मनपर्दैन। यस कथामा पारिवारिक समस्याले गर्दा द्वन्द्वको उत्पत्तिका साथै सङ्घर्षको भोगाइ स्पष्ट देखिन्छ।

■ **इयर्रिङ**

यस कथामा भावनात्मक प्रेमको चित्रण भएको पाइन्छ। कथामा भावुक रोमान्सेली प्रणय सम्बन्ध भए पनि अन्तमा प्रेम वियोगात्मक देखिन्छ। कथामा पुरुष पात्र देवले शकुन्तलालाई असीमित प्रेम गरेको हुन्छ। तर विवाह नभई शकुन्तलाको मृत्यु भएपछि

---

[९] सानु लामा (सन् १९९४), कथा सम्पद, पूर्ववत्, पृ ३२

ऊ जीवनभरि अविवाहित रहेर पनि विवाहित जस्तै जीवन बिताइरहेको चित्रण पाइन्छ। प्रस्तुत कथाका शकुन्तला र देवको प्रणय पक्ष कारुणिक छ।

**■ फुर्बाले गाउँ छोड्यो**

यस कथामा फुर्बा र उसकी दिवङ्गत पत्नी गोमतीको कारुणिक कथा-व्यथा पाइन्छ। मृत्युपछि बौद्ध धर्मअनुसार बनाइने 'माने'लाई कथाकारले फुर्बामार्फत् प्राथमिकता दिएको पाइन्छ। विगतको यथार्थ र वर्तमानको व्यथासँग जोडिएको यस कथामा गोमतीको आकस्मिक मृत्युपछि पीडाबोधले गर्दा फुर्बा चिन्ताग्रस्त भएर एक्लोपना अनुभव गर्छ। यस कथामा गोमतीको मायामा गाउँमा बस्न नसकेको फुर्बाको करुणाजन्य पीडा छ।

**■ कमला**

यस कथामा राजतन्त्रकालीन सिक्किमेली जनतामाथि सामन्तीहरूले गरेको अत्याचार, अन्याय तथा शोषणको एक पक्ष प्रस्तुत गरिएको छ। सामन्ती रायबहादुर र ठिकादार जगतसिंहले गरीब मानवीरको श्रम शोषण र उसकी छोरी कमलासँग गरेको अमानवीय व्यवहारको परिणाम स्वरूप कमलाको मृत्यु भएको देखाइएको छ। मानवीरले ठिकादारलाई अनावश्यक मात्रमा तिरो बुझाउन नसक्दा र तोकिएको म्यादसम्म पर्खिमाग्दा त्यो कुचक्र रचिएको थियो। यसरी मानवीरप्रति ठेकेदारशाहीले गरेको अनाधिकार, शोषण, अमानवीय अत्याचारसँगै निम्नवर्गीय जीवनको कारुणिक र दुःखान्त चित्रण गरेर कथाकारले मानवताको निम्ति गुहारेका छन्। ठिकादारले समय नपुगी ठिका बुझाउन लगाउँदा पनि दरिद्रताले गर्दा निम्न वर्गका मानिसले केही गर्न सक्तैनन् भन्ने सामाजिक यथार्थको चित्रण कथामा पाइन्छ।

### ■ बलराम थापाको कथा

यस कथाको पृष्ठभूमि पश्चिम सिक्किमको बिरिङ बजारदेखि आसामको तेजपुर अनि नेपालको राजधानी काठमाडौँसम्म फैलिएको छ। आर्थिक स्थिति कमजोर भएकाले कथाको पात्र बलराम थापा कहिले गान्तोक त कहिले काठमाडौँ तथा तेजपुर गएर बसेको उल्लेख गरिएको छ। कथामा बलराम थापाले सौता भित्र्याएपछि उसकी प्रथम पत्नी माया माइतमा गएर बसेकी छ। यसका साथै बलरामको मृत्यु भएपछि उसकी दोस्री पत्नी माला पनि सौताकै माइतमा आश्रय लिन पुगेकी छ। यस कथामा आर्थिक, सामाजिक तथा मानसिक अवस्थाले गर्दा बलराम भौँतारिएको देखिन्छ भने मालाको ममताहीनता र मायाका पिताको माया, दया तथा प्रेमजस्ता मानवीय गुण देखाइएको छ। प्रस्तुत कथामा लोग्नेद्वारा परित्याग गरिएकी मायाको जीवन आँसुमा डुबेको छ भने माला पनि यस पीडाबाट मुक्त देखिन्न।

### ■ असिनाको मान्छे

सानु लामाले मानव विकासको सभ्यतालाई सूक्ष्मतासाथ निरीक्षण गर्दै वर्तमानको विसङ्गतिपूर्ण मानवीय सभ्यतालाई प्रस्तुत कथामा चित्रण गरेका छन्। विज्ञानको उदयसँगै जन्मिएको युद्धविभीषीकादेखि अनेक विकृति र कुण्ठालाई यहाँ व्यक्त गरिएको छ। मूलतः बालमनोविज्ञानमा आधारित प्रस्तुत कथामा परिवारभित्रका तिता-मिठा घटनाहरू र अभिभावकको प्रतिकुल मानसिकताको पनि चित्रण रहेको पाइन्छ। सुरुमा व्यस्तताको कारणले बाबुले छोरा-छोरीको मनसाय नबुझेको र पछि पुनः अनुभव गरेर उनीहरूको खुसीको हकदार भएको देखिन्छ। बाबुले असिनाको मान्छे बनाएर नानीहरूलाई हृदयदेखि नै स्नेहले बाँधेपछि परिवारमा खुसीको लहर छाएको देखिन्छ।

■ **खानीटारमा एकदिन**

यस कथामा जीवन गोरेटोमा भोग्नु परेका उतार चढाव, पीडा, व्यथा तथा घात प्रतिघात आदिको अङ्कण रहेको छ। बहु पात्र प्रयोग भएको प्रस्तुत कथा निम्न वर्गका श्रमजीवी मानिसहरूको जीवन यापन पद्धतिसँग सम्बन्धित भए तापनि यसमा मुख्यतः मुख्य पात्र मङ्गलेको परिवार विघटनको कथा पाइन्छ। वस्तुतः यस कथामा प्रतिकूल सामाजिक व्यवस्था तथा आर्थिक समस्या र मानसिक द्वन्द्व आदिको चित्रण गरिएको छ।

■ **तृषित मरुद्यान**

यो एउटा पारिवारिक कथा हो। यस कथामा अन्धविश्वास, सामाजिक कुसंस्कार र आर्थिक तथा मानसिक द्वन्द्व सुरुदेखि अन्त्यसम्मै देखिन्छ । यसमा दाम्पत्य जीवनको व्यथा चित्रण गरिएको पाइन्छ। प्राकृतिक रूपले नै ठगिएका कीर्तिमान र बाठीको अव्यक्त इच्छा यसमा पोखिएको छ। अतः ग्रामीण जीवनका अनेकौँ समस्या र सन्तान नहुँदाको अनुभव तथा पीडा यस कथाको केन्द्रविन्दु देखिन्छ।

■ **सम्पत्ति**

प्रस्तुत कथा ‘कथा सम्पद्’भित्रको अन्तिम कथा हो। मानिसले जीवनमा कमाएको धन अस्थिर सम्पत्ति हो भने अध्ययन गरेर कमाएको ज्ञान स्थिर सम्पत्ति हो भन्ने नै यस कथाको मूल आशय रहेको पाइन्छ। यसका साथै यसमा सानु लामाले सिङ्गो जीवन दर्शाउन अतीतका विश्रृङ्खलित घटनाहरूको कोलाज चित्र कोरेका छन्।

### आ) 'मृगतृष्णा' कथा सङ्ग्रहभित्रका कथा

सानु लामाको 'मृगतृष्णा' (सन् १९९० ) कथा सङ्ग्रहमा जम्म १० वटा कथाहरू सङ्कलित छन् । ती हुन् १) यसरी बित्छ दिन, २) ज्योतिबिनाको उज्यालो, ३) रम्मीमा सिक्वेन्स्-एउटा अनुक्रम, ४) संयोग, ५) घाम छाया (१), ६) घाम छाया (२), ७) पैयुँ फुलेको दिन, ८) पाहुना, ९) तृप्ति र १०) मृगतृष्णा। यहाँ यिनै कथाहरूको सङ्क्षेपमा अध्ययन प्रस्तुत गरिन्छ -

#### ■ यसरी बित्छ दिन

प्रस्तुत कथामा म पात्रको जीवनका बाल्यकालीन रमाइला घटनाहरू संस्मरणका रूपमा राखिएका छन्। कथामा उनी बाल्यकालदेखि यौवन कालसम्मको लामो दुरी पार गरिसकेपछि सानु छँदा काँचो ओखर र आलुबखडा फोरेर खाएका घटनाहरूको सम्झना गर्दै वर्तमानमा पनि रमाइलो मानिरहेको देखाइएको छ। बालक्रीडाको दिनहरूको सम्झना र तत्कालीन प्राकृतिक मोहनीको स्मरण पुर्नजीवित हुन्छ। उसको अवचेतनाले सधैं त्यही शैशवको स्वर्गीय स्मृतिको आनन्द खोजिरहेको हुन्छ। सहरको यान्त्रिक जीवनदेखि टाढा प्रकृतिको सुरम्य काखमा पात्र रमाएका छन्। सानु लामाको यस कथालाई स्वच्छन्दतावादी धारणाका आधारमा लेखिएको मान्न सकिन्छ।

#### ■ ज्योतिबिनाको उज्यालो

सानु लामा यस कथामा आफ्ना दार्शनिक विचार व्यक्त गर्दछन्। प्रस्तुत कथामा ईश्वरीय शक्तिप्रति आक्रोश व्यक्त गरिएको छ साथै वैज्ञानिक उपलब्धिप्रति अनास्था प्रकट गरिएको छ भने यी दुवैको अस्तित्वलाई स्वीकारिएको पनि छ। 'त्यही समयदेखि

चन्द्राले सूर्य नारायणको व्रत प्रत्येक रविवार लिन थालिन्।'[१०] भन्नाले ईश्वरीय शक्तिप्रति आस्था राखेको तथा भगवानको अस्तित्वलाई स्वीकारिएको बुझिन्छ। यस्तै प्रकारले ईश्वरीय शक्तिप्रति आक्रोशका शब्दहरू यस प्रकार छन् – 'ज्योतिबिनाको यो उज्यालो साराले आँखाले देखेर पाप गर्छन्, दण्ड मन्दालाई।'[११] यसमा ईश्वरीय शक्ति र भौतिक शक्तिभन्दा आत्मा विश्वासलाई नै प्राथमिक शक्तिका रूपमा लिइएको पाइन्छ। यसका साथै प्रस्तुत कथा बालमनोविज्ञानमा आधारित रहेको पनि पाइन्छ। कथामा एउटी नेत्रहीन छोरीको भविष्यलाई लिएर चिन्तित परिवारको दयनीय अवस्थाको चित्रण गरिएको छ। दृष्टिविहीन सात वर्षकी छोरी मन्दामा यो कथा केन्द्रित रहेको छ।

**■ रम्मीमा सिक्वेन्स् एउटा अनुक्रम**

मृत्युलाई मानिसले आकस्मिक प्रकोप माने तापनि यो ता आत्माको अनुक्रम हो, संसारको गति हो। प्रस्तुत कथाको माध्यमबाट सानु लामाले यसै कुरालाई नवीन प्रकारले प्रस्तुत गरेका छन्। उनले यस कुरालाई कथामा यसरी राखेका छन् – 'मृत्यु नित्यताको अनुक्रममा एउटा क्षणिक लौकिक विश्रृङ्खलता मात्र हो, आत्माले यस अनुक्रमको पुनर्ग्रहण गरिबस्छ। सांसारिक अस्थायीपनमा ब्रह्माण्डको नित्यता निर्भर गर्छ, यो अकल्पनीय अनुक्रमको कारण यही अस्थायीपन हो।'[१२]

यसमा कथाकारले धीरजकी पत्नी लक्ष्मीको मृत्युको घटना वर्णन गरेर कथाको परिवेश कारुणिक बनाएका छन्। यसरी कथामा वर्णित धीरजकी पत्नीको देहान्त भएको कुराबाट कथावस्तु सुरु भएको छ। यस कथामा एकातिर धीरज आफ्नी पत्नीको

[१०] सानु लामा (सन् १९९०), मृगतृष्णा, सिक्किम साहित्य परिषद्, गान्तोक, सिक्किम, पृ ७

[११] सानु लामा,(सन् १९९०), मृगतृष्णा, पूर्ववत्, पृ ११

[१२] सानु लामा (सन् १९९०), मृगतृष्णा, पूर्ववत्, पृ १८

मृत्युले दुःखी भएको छ भने अर्कोतिर गाउँलेहरूले रम्मी खेल खेलेर धीरजको मनलाई शान्त्वना दिने अथवा उसको मनको पीडा बिर्साउने प्रयास गरिएको देखिन्छ।

**■ संयोग**

यस कथामा सन्तान नहुनाले मञ्जरी र गौतमका माझमा मनोमालिन्य आएको छ। यसै कारण उनीहरूको दाम्पत्य जीवन केही समयसम्म मात्र सफल भएको छ। दाम्पत्यका सम्बन्धमा विश्वास र परिपक्वता भन्ने तिनीहरूमा देखिँदैन। मञ्जरी विवाहित भएर पनि नानी जन्माउने क्षमता आफूमा नभएको खबर पाएपछि जीवनको यथार्थदेखि भाग्न खोज्छे। कहाँसम्म भने अपरिचित ठाउँमा गएर नाम समेत परिवर्तन गरी शिक्षण पेसामा लाग्दछे। यसरी उसले गौतमको प्रेममा आघात पुऱ्याएकी छ भने उता गौतमले पनि अर्को विवाह गरेको छ। कथाको अन्त्यतिर मञ्जरीले आदित्यसित पुनः विवाह गर्छे।

**■ घाम छाया (१)** र **घाम छाया (२)**

सानु लामाले घाम छाया कथालाई दुई भागमा विभाजन गरी प्रस्तुत गरेका छन्। वास्तवमा उक्त दुवै कथाहरू जीवनको दुई पाटालाई लिएर लेखिएको देखिन्छ। पहिले भागमा नरेश र पारोलता एका-अर्काप्रति प्रेम बन्धनमा बाँधिएर विवाहित जीवन सुरू गरेको सुखमय जीवनको चित्रण गरिएको छ। दोस्रो भागमा तिनीहरूको छोरा बन्टीको जन्म हुन्छ तर नरेशको अनुपस्थितिमा छोरा बिरामी हुन्छ र अस्पतालमा बालकको अनायसै मृत्यु हुन्छ। उक्त दुई भागमा विभाजित गरी लेखिएको कथामा नरेश र पारोलताको जीवन घाम छाया जस्तै भएको देखाइएको छ। एकातिर तिनीहरू माझ प्रेम भएपछि विवाहित जीवनको थालनी र छोरा बन्टीको जन्मले ज्योतिको प्रतीक घाम देखिन्छ भने अर्कोतिर बन्टीको ‘मृत्यु’ छायाको प्रतीक बन्न गएको छ।

### ■ पैयुँ फुलेको दिन

यस कथामा एकातिर गोपाल र सन्ध्या माझको प्रेम र अर्कातिर ग्रामीण जीवनको तस्वीरलाई विषयवस्तु बनाइएको छ। प्रस्तुत कथा गोपालले दैनिक जीवनयापनका निम्ति गरेको सङ्घर्ष, गोपाल र सन्ध्याबिचको प्रेम, सिक्किमको प्राकृतिक सौन्दर्य र सामाजिक यथार्थाको वर्णनमा केन्द्रित रहेको पाइन्छ। यसका अतिरिक्त यसमा कथाकारले नारीपुरुष एका-अर्काका पूरक हुन् भन्ने कुरातर्फ इङ्गित गर्दै कथाको काका पात्रमार्फत् यसरी आफ्ना विचार व्यक्त गरेका छन् 'बिहे गर्नुपर्छ। यो नियम हो, नियमको पालन गर्नुपर्छ। ब्रह्माण्डको नियमिततामा सदा, सर्वदा बाँधिएर रहनु स्वाभाविक ठान्नु पर्छ। यो स्वाभाविकतालाई बाध्यता नभन्नु । बाध्यता अर्कै थोक हो। मान्छे भएर नियमिततालाई डोर्‍याउन सक्नुपर्छ।'[१३]

### ■ पाहुना

प्रस्तुत कथाले नेपाली समाजमा चलिआएको संस्कारगत परम्परा र रीतिरिवाजलाई दर्शाएको पाइन्छ। सानु लामाले आफ्ना कथामा निम्नवर्गीय विपन्नताग्रस्त जीवनका उकाली, ओह्रालीको चित्रण गर्नाका साथै एकाध कथामा सम्पन्न परिवारको पनि चित्रण गरेका छन्। प्रस्तुत कथालाई यसको एउटा उदाहरणका रूपमा लिन सकिन्छ। यसैले उनका कथाले दुःख र दरिद्रता मात्र कथा लेखनको विषयवस्तु नभएर सुख र समृद्धि पनि कथाकै लेख्य विषय हुन सक्छन् भन्ने कुराको प्रमाण दिएको पाइन्छ। यस कथामा पुगीसरी भएको तथा कामकाजले सम्पन्न भएको परिवारद्वारा अतिथि, आफन्तहरूको सेवा सत्कार गरिएको वर्णन छ।

---

[१३] सानु लामा (सन् १९९०), मृगतृष्णा, पूर्ववत्, पृ ६९

## ■ तृप्ति

प्रस्तुत कथामा कथाकारले नारीको मानसिक द्वन्द्वलाई केलाउने प्रयास गरेका छन्। यस कथामा छुनी पाल्मो मानसिक द्वन्द्वले विचलित भएकी युवती हो। चेतनश्रीलाई एकोहोरो प्रेम गरेर ऊभित्र द्वन्द्वको सिर्जना भएको छ। वास्तवमा छुनी पाल्मोले अनभिज्ञ रहेर मन-मनै प्रेम गरिरहेकी हुन्छे। तर चेतनश्री विवाहित भएको कुरो थाहा पाएपछि छुनी पाल्मोको एकतर्फी प्रेम विथोलिएको छ। यसरी यस कथामा छुनी पाल्मोको मोह भङ्ग हुनु नै कथाको मूल विषय देखिन्छ। अतः प्रस्तुत कथामा प्रेमको, इच्छाको, चाहनाको, मागको, आकांक्षाको तथा तृप्तिको चाह आफूमै निर्वाहित राखेसम्म सम्भावनीय छ तर वाह्य यथार्थलाई त्यसभित्रको समभागी बनाउन पर्दा त्यो ध्वस्त बन्छ चूर्ण, विचूर्ण बन्छ भन्ने सोचेको आदर्श र भोगेको यथार्थलाई पनि कथामा देखाइएको छ।

## ■ मृगतृष्णा

पुस्तकको शीर्षक कथाका रूपमा रहेको 'मृगतृष्णा'मा सिद्धार्थ गौतमले जन्म, मृत्यु र कष्टको अनुभव गरेर बुद्धत्व प्राप्त गरेको कुरा प्रस्तुत गरिएको छ। कथामा वृद्ध व्यक्ति सकी नसकी उनीतिर बढेको, उसलाई सानो केटाले उछिनेर अघि बढेको र केही समयको अन्तरलपछि मलामीहरू लास बोकेर आएको दृश्यले लेखकलाई भावविह्वल बनाएको आभास हुन्छ। 'एउटै आत्मा निस्केर जाँदा शरीर खोक्रो हुन्छ, अर्थहीन।'[१४] भनेर सानु लामाले संसार क्षणिक सपना हो, जसको कुनै अर्थ हुँदैन भन्ने बुझाउन खोजेको प्रतीत हुँदछ। यसका साथै संसार एउटा भ्रम हो, भौतिक पदार्थ भ्रम हो र यथार्थ सत्य आत्मा हो, जसको अस्तित्वबिना संसार जडमय हुन्छ भन्ने सत्य कुरा प्रस्तुत कथामार्फत् बुझाउने प्रयास गरेका छन्।

---

[१४] सानु लामा (सन् १९९०), मृगतृष्णा, पूर्ववत्, पृ ९८

### इ) ‘सूर्यको तेस्रो किरण’ कथा सङ्ग्रहभित्रका कथा

‘सूर्यको तेस्रो किरण’ (सन् २००८) सानु लामाको प्रस्तुत कथा सङ्ग्रह हालसम्म प्रकाशितमध्ये अन्तिम वा तेस्रो सङ्ग्रह हो। यसमा जम्मा बाह्रवटा कथाका साथै एउटा लेख पनि समावेश गरिएको छ। ती हुन् १) बिहान हुन नसकेको रात, २) साइनो, ३) टी शर्ट, ४) रेशी बगिरहेछ, ५) समर्पण, ६) सात भाइकी चेली, ७) म भगवान भएँ, ८) सूर्यको तेस्रो किरण, ९) पेन्सन, तक्मा र गाडी, १०) सन्तानको सुख, ११) छुँदै जाने सम्झनाहरू, १२) केही आफ्नो केही अरूको र १३) ‘सिक्किममा नेपाली साहित्यको गतिविधि’ एउटा चर्चा संक्षिप्तमा (लेख)। यहाँ उक्त कथाहरूको अध्ययन सङ्क्षेपमा निम्न प्रकारले प्रस्तुत गरिन्छ –

#### ▪ बिहान हुन नसकेको रात

प्रस्तुत कथामा केही भिन्न कथाशिल्प रहेको पाइन्छ। यसमा अतीतगर्भी कथावस्तु छ। कथाले तिब्बतमाथि चिनियाँ अतिक्रमणको ऐतिहासिकतालाई समेटेको छ। तिब्बतबाट शरणार्थीका रूपमा सिक्किम पसेका एकजना वृद्ध तिब्बतीको अतीतमोहको सेरोफेरोमा कथा निर्मित पाइन्छ। यसमा ‘डुङ्जा समारोह, किचु नदी, सेरा र ड्रेपुङ गुम्बा, लिङ्खोर गाउँ’[१५] जस्ता वास्तविक नाउँहरूको प्रयोगले विश्वासनीयता प्रदान गरेकोछ। अतः नेपाली कथाका क्षेत्रमा यसलाई ऐतिहासिक पक्षको उद्घाटन गरी लेखिएको महत्त्वपूर्ण कथा मान्न सकिन्छ।

---

[१५] सानु लामा (सन् २००८), सूर्यको तेस्रो किरण, जनपक्ष प्रकाशन, गान्तोक, पृ ३४

**■ साइनो**

साइनो कथाले घर-संसारको व्यवस्तताभित्र कसरी आफन्तहरू पनि साइनो नचिन्दा बिरानिँदै जान्छन् भन्ने अन्तरकथा बोकेको छ। साइनो बिर्सिएर उल्टा साइनो लगाई आफै जिल्लिनुपर्दाको कुत्कुत्याउने प्रसङ्ग भएको यो एउटा व्यङ्ग्यात्मक कथा हो। यसका साथै कथाले पहाडी समाजको साइनो संस्कृतितर्फ पनि सङ्केत गरेको बुझिन्छ।

**■ टी शर्ट**

यो कथा अतृप्त इच्छाहरूले सपनामा परिपूर्ति खोज्छन् भन्ने फ्रायडेली स्वप्न सिद्धान्तको आधारमा लेखिएको देखिन्छ। असाध्य रोगले ग्रसित वीरेले स्वास्थ्य, इच्छा आकांक्षा, यौवन सबै थोक गुमाएपछि सपनामा ऊ हरिया-हरिया पहाडमा उड्दै गरेको देख्छ, 'आई लभ फ्याइड' लेखिएको टी शर्ट पहलवानको गठिलो शरीरमा सुहाएको देख्छ। कथामा लेखिएको 'नो स्मोकिङ बोर्डको मन्तिर उभिएर एउटा सिगरेट सल्काएको'[१६] जस्ता वाक्यले मानिस स्वभावले नैतिकताको भारबाट मुक्त हुन चाहन्छ भन्ने कुरातर्फ सङ्केत गरेको बुझिन्छ। प्रस्तुत कथालाई मनोविश्लेषणात्मक प्रवृत्तिमा आधारित मान्न सकिन्छ।

**■ रेशी बगिरहेछ**

यस कथामा जीवनका कतिपय विसङ्गत स्थितिहरूलाई त्याग, तपस्या र आध्यात्मिकताले पराजय गर्न सकिन्छ भन्ने मूल आशयलाई आख्यानबद्ध गरिएको पाइन्छ। गाउँकी किशोरी राधिकाको प्रणय निवेदनलाई धनबहादुरले प्रणयकै प्रत्याभूतिले सार्थक तुल्याउन सक्तैन। नोकरीको क्रममा धनबहादुर सहर पसेपछि

[१६] सातु लामा (सन् २००८), सूर्यको तेस्रो किरण, पूर्ववत्, पृ १९

गाउँमा राधिका प्रेमविरहमा जलीजली मर्छे। मरणोपरान्त मिलन किञ्चित् सम्भव हुनसक्छ भन्ने बौद्ध, हिन्दू विश्वासलाई मूल कथ्य बनाइएको यो कथा रोमान्टिक भावभूमिमा लेखिएको पाइन्छ।

### ■ समर्पण

'समर्पण' देशको सुरक्षाहेतु गुप्तचर विभागको एकजना सदस्य भई वीरतापूर्वक कार्य गर्ने जीत काकाको जीवनशैलीलाई लिएर लेखिएको कथा हो। देशका निम्ति आफ्नो शरीर समेत बिर्सेर जीत काकाले सिक्किमको कुपुपमा हिउँदमा हिउँ, हिउँको ठिही र मुटु छेड्ने चिसो सिरेटोको सामना गरेर तथा बर्खामा अविराम झरी बादल सहेर नीरस भीर पहराले घेरिएको ठाउँमा जीवन बिताएका थिए। उनको मृत्यु पनि त्यही कुपुपमा नै भएको थियो। यही कुरालाई संस्मरणको शैलीमा लेखकले कथाको रूप दिएका छन्।

### ■ सात भाइकी चेली

यो कथा समाजमा परम्परागत रूपमा व्याप्त जातपात र छुवाछुतका प्रथाहरू अब क्रमशः हट्न थालेको कुरालाई इङ्गित गरेर लेखिएको बुझिन्छ। कथामा छेत्री युवतीले लिम्बु केटोसँग जातगत सङ्कीर्णताबाट उन्मुक्त भएर अन्तर्जातीय विवाह गर्छे। उसलाई सुरु सुरुमा माइतीहरूले त्यागे तापनि बहिनीको कोखबाट शुभजन्म भएपछि नानीको अबोध मायाले सबै सङ्कीर्णहरूलाई मेटाइदिएको पाइन्छ। यस कथाबारे 'सामाजिक एकत्वमा विभाजन ल्याउने जातपातजस्तो खोक्रो परम्पराभन्दा एकत्वको घडेरी बलियो बनाउने स्नेह, मानवीयता र हार्दिकता धेरै श्रेयस्कर हुन्छ भन्ने वैचारिक भित्तिमा प्रस्तुत कथा संरचित छ।'[१७] भन्ने मत राजेन्द्र भण्डारीको रहेको छ।

[१७]सानु लामा (सन् २००८), सूर्यको तेस्रो किरण, पूर्ववत्, पृ XI

**■ म भगवान भएँ**

सानु लामाका धेरजसो कथामा जीवन चलाउनका निम्ति आर्थिक सङ्घर्ष गर्नुपरेको यथार्थ चित्रण पाइन्छ। प्रस्तुत कथामा अगमवीरले आर्थिक विपन्नताले ग्रसित भएकै कारण आफू अनेकौँ अपुग, अभावहरूबाट थिचिएको तथा मिचिएको अनुभव गरेको चित्रण कथामा यसरी गरिएको छ – 'खाँचोको मुहान त्यो बस्ती। छोरीको बिहे गरिदिनि पर्ने खाँचो, चुल्होमा आगो बल्नुपर्ने खाँचो, स्वास्नीले बजारमा देखेकी साडी ल्याइदिनु पर्ने खाँचो, छोराछोरीहरूको माग पूरा गर्नु पर्ने खाँचो, स्कूलमा भर्ना गरिदिनु पर्ने खाँचो अनि सापटी चलाएको मान्छेहरूदेखि लुकिलुकि हिँड्नु पर्ने खाँचो।'[१८] कथाले दुःख र सुख भनेको अनुभव गर्दा मात्र हुने कुरा हो भन्ने कुरातर्फ सङ्केत गरेको बुझिन्छ।

**■ सूर्यको तेस्रो किरण**

प्रस्तुत कथालाई 'स्वास्नीमान्छे' कथाको उत्तरभाग मान्न सकिन्छ। 'स्वास्नीमान्छे' कथाकी ठुली कान्छी आफ्नो सतीत्वको रक्षार्थ मिङ्मामाथि दाउराले प्रहार गर्छे भने प्रस्तुत कथाकी सावित्री अझ उग्र रूपमा देखिन्छे। मध्य रातमा सावित्रीको एक्लोपनको फाइदा उठाएर दुष्कर्म गर्न खोज्ने दुश्शील मोटेप्रति सावित्री हिंस्रक बन्छे। मोटेले ऊमाथि हेय दृष्टि राखी निकृष्ट व्यवहार गर्न खोज्दा उसलाई सब्जी काट्ने छुरी घोपेर मारिदिन्छे। मोटेको हत्या गरे तापनि सावित्रीले आफूलाई शुम्भ निसुम्भ, महिषासुर आदिको वध गर्ने देवीकी अनुगामिनी ठान्छे। ऊ भन्छे – 'मैले मोटेलाई मारिनँ। ... मैले त दुष्ट्याइँ, व्यभिचार, अत्याचार आदिलाई नष्ट पारेकी हुँ। समाजको कलङ्कलाई

[१८] सानु लामा (सन् २००८), सूर्यको तेस्रो किरण, पूर्ववत्, पृ ५६

मेटाएकी हुँ। यसलाई हत्या हो भन्ने कोही छ भने उसले रावणवध, हिरण्यकशिपु वध, कंस वध, महिषासुर वध आदि वधहरूलाई पनि हत्या भन्नुपर्छ, हिंसामा गन्ती गर्नुपर्छ अनि दुर्गा, काली, राम, कृष्ण, विष्णु सबैलाई अपराधीको वर्गमा राख्नुपर्छ।'[१९] नारी चरित्रका व्याप्तिमाझ, सानु लामाका कतिपय कथाहरू मिथकसंसर्गिक र प्रयोगात्मक प्रवृत्तिले ओतप्रोत छन् भने उदाहरणका निम्न प्रस्तुत कथालाई लिन सकिन्छ।

**■ पेन्सन, तक्मा र गाडी**

यस कथामा कथाकारले विभिन्न परिस्थितिअन्तर्गत तीनवटा भिन्न-भिन्न परिवारले भोग्नुपरेका तीनवटा भिन्न-भिन्नै स्थितिको चित्रण गरेका छन्। कथामा अञ्जु गुरुङ (मेजरनी), प्रह्लादका बाबु-आमा र छिमेकी मोहनको परिवार पात्रहरू छन्। यिनीहरूले जीवनका विभिन्न तीन पक्षको प्रतिनिधित्व गरेका छन्। सांसारिक योग-वियोग प्रलोभन, उन्माद र असावधानीवश घट्ने घटनाचक्र जीवनका अपरिहार्य पक्षहरू हुन् भन्ने कुरातर्फ कथाले इङ्गित गरेको बुझिन्छ।

**■ सन्तानको सुख**

प्रस्तुत कथामा सन्तानको सुख वास्तवमै कुनै पनि गृहस्थका लागि वैकल्पिक सुखस्रोत बन्नसक्छ भन्ने सकारात्मक सोच ध्वनित भएको छ। यसमा अल्पायुमै पतिको मृत्युले क्षतविक्षत बनेकी एउटी नारीको लागि आफ्ना सन्तान नै सन्तुष्टिको स्रोत बनेका छन्।

---

[१९] सानु लामा (सन् २००८), सूर्यको तेस्रो किरण, पूर्ववत्, पृ ७०

■ **छुँदै जाने सम्झनाहरू**

यस कथामा छोग्यालकालीन सिक्किमको सामाजिक पक्षलाई उद्‌घाटित गरिएको पाइन्छ। आत्मकथात्मक विन्यास भएको यस कथामा सानु लामाले केही आफ्नो जीवनका र केही तत्कालीन परिप्रेक्ष्यका कथातन्तु बटुलेका छन्। राजेन्द्र भण्डारीले संस्मरणात्मक कथा अनि कथात्मक संस्मरण भन्दै प्रस्तुत कथालाई संस्मरण र कथा दुवै हो भनेका छन्।

■ **केही आफ्नो केही अरूको**

तेस्रो कथा सङ्ग्रहभित्र सङ्ग्रहित यो अन्तिम कथा हो। सिक्किममा घटित केही घटनाहरूलाई टिपेर तिनलाई कलात्मक ढङ्गमा कथाको रूप प्रदान गरेको हुनाले यस कथालाई ऐतिहासिक कथाको रूपमा लिन सकिन्छ। प्रस्तुत कथा क्लड ह्वाइटका नाउँको गान्तोकको ह्वाइट हल, ह्वाइट हलका चौकीदार खिका बाजे, त्यहाँ हुने गरेको बिलियर्ड खेल, रिज डाँडाको सौन्दर्य र सत्ताच्यूत छोग्यालका यादहरूको सेरोफेरोमा बुनिएको छ।

**ई) सानु लामाका साना कथाहरू**

सानु लामाका उपर्युक्त तीनवटा कथा सङ्ग्रह बाहेक एउटा लघु कथा सङ्ग्रह पनि छ। यसलाई सन् १९८१ मा इन्दिरा राई र सुरेखा प्रधान (जन्मना राई) ले सम्पादन गरी 'गोजिका' पत्रिकामा प्रकाशित गरेका थिए। त्यसैलाई सन् २००८ सालमा 'सानु लामाका साना कथाहरू' शीर्षक दिएर कल्पना त्रिपाठीले सम्पादन गरी पुस्तकाकारमा प्रकाशित गरेकी छन्। यसमा जम्मा ६ वटा लघु कथालाई समावेश गरिएको छ। ती हुन् १) व्यग्रता, २) सन्तोष, ३) पराजित, ४) बाँधिएका क्षणहरू, ५) सङ्घर्ष १ र ६)

सङ्घर्ष २। यहाँ कल्पना त्रिपाठीले सम्पादन गरी प्रकाशित गरेको सानु लामाका साना कथाहरू पुस्तकमा सङ्कलित उक्त लघु कथाहरूको क्रमैले यहाँ अध्ययन प्रस्तुत गरिन्छ-

**■ व्यग्रता**

सानु लामाको 'व्यग्रता' लघु कथा मुख्यत: बालमनोविज्ञानको सरल र कोमल भावभूमिमा लेखिएको छ। यसका साथै यसमा वर्णन र संवादको प्रयोग गर्दै सरल भाषामा सहज ढङ्गले एउटा व्यक्तिको मानसिक व्यग्रताले भएको वाह्य परिणतिलाई बोधगम्य पाराले व्यक्त गर्ने काम लामाले गरेका छन्। प्रस्तुत कथामा कर्म भूवन आफ्नो छोरा विप्लवको जन्म दिनमा छोरीको जन्मोत्सव मनाइरहेको हुन्छ। यसैबिचमा सम्झन पुग्छ र व्यग्र हुन्छ।

**■ सन्तोष**

सानु लामाको 'सन्तोष' लघु कथामा व्यक्तिको आ-आफ्नो दर्जाअनुसारको अहम् रहेको हुन्छ भन्ने देखाइएको छ। यो सामाजिक विषयवस्तुका आधारमा लेखिएको कथा हो। समाजमा विद्यमान उच्च वर्ग र अति निम्न वर्गबिचको जीवन भिन्नतालाई यहाँ स्पष्ट्याइएको छ।

**■ पराजित**

सानु लामाको 'पराजित' लघु कथा मानवीय जीवनमा हुने परिवर्तनमा केन्द्रित छ। उत्सुकता, लोभ, विश्वास र खिन्नता जस्ता कुराहरू यस कथामा मूल वस्तु तत्त्वका रूपमा रहेका छन्। यो कथा परिवर्तन चहाने कामदारहरूको इच्छा पराजीत भएको अवस्थालाई लिएर लेखिएको पाइन्छ। यहाँ सामाजिक परिवर्तन चाहने इच्छालाई घुमाउरो तरिकाले प्रस्तुत गरिएको पाइन्छ। वास्तवमा यो कथा आधुनिक मान्छेको

व्यङ्ग्य चित्रझैँ प्रतीत हुँदछ। देशमा पुरानो व्यवस्था समाप्त भएर नयाँ व्यवस्था स्थापना भए पछि पनि गरीब कामदारहरूले सधैँ उस्तै किसिमले काम गर्नुपर्छ, तिनीहरूमा केही फरक पर्दैन भन्ने यथार्थ सत्यलाई  स्पष्ट्याएका छन्। अत: यहाँ कथाकार गरीब मजदुरहरूको पक्षमा देखिन्छन्।

**■ बाँधिएका क्षणहरू**

सानु लामाको 'बाँधिएका क्षणहरू' कथामा विधवा भएर समाजमा बाँच्नु परेको पीडा र व्यथालाई देखाउन खोजिएको छ। यसलाई पनि सामाजिक विषयवस्तुमा आधारित लघु कथा मान्न सकिन्छ। मानिसका निम्ति समय सधै एकै रूपमा रहँदैन। यसो भए तापनि मानिस विगतलाई हेरेर बाँच्न वाध्य हुन्छ। कथामा मधुलाई एलवमका फोटोमा भएको विगतका क्षणहरूले बाँच्ने प्रेरणा दिइरहेका छन्। यसर्थ, यहाँ एलवममा बाधिएका क्षणहरूले जीवनको प्रतिनिधित्व गरेका छन् भने फोटो जीवनको प्रतिकका रूपमा आएका छन्।

**■ सङ्घर्ष १**

प्रस्तुत 'सङ्घर्ष १' लघु कथामा सानु लामाले जीवनलाई सङ्घर्षको रूपमा हेरेका छन् र सङ्घर्षकै प्रतिफलका रूपमा नयाँ जीवन पाइन्छ भन्ने उद्देश्य दिन खोजेका छन्। कथाले समाजका निम्न-मध्यमवर्गीय जीवनको यथार्थ बोकेको छ।

**■ सङ्घर्ष २**

प्रस्तुत 'सङ्घर्ष २' लघु कथामा पनि सानु लामाले जीवनलाई सङ्घर्षकै रूपमा हेरेका छन्। जीवन भोगाइ नै एउटा सङ्घर्ष हो भन्दै एउटा सामाजिक जीवन भोगाइ यहाँ स्पष्ट पार्न खोजिएको छ। 'सङ्घर्ष १'कथामा समाजबाट पलायन जीवन छ भने यसमा त्यस्तो छैन।

सानु लामा र उनका लघु कथाबारे मोहन पी दाहालले यसो भनेका छन् – 'लघु कथाकार सानु लामा कथ्यको बीजलाई ठुङ्गेर विशाल अभिव्यक्तिको बिस्कुल उठाउने काममा निपूर्ण छन्। उनका 'सङ्घर्ष १' मा मनोवैज्ञानिकउपागम, 'सङ्घर्ष २' मा ईहामृग, 'बाँधिएका क्षणहरू' मा विगत विहङ्गावलोकन, 'वयग्रता' मा अन्यमनस्क चित्तवृत्ति, 'सन्तोष' मा अहम्न्यताको स्वरूप र 'पराजित' मा मानवको परिवर्त्य जिजीविषा खोपिएको पाइन्छ।'[२०]

वस्तुत: सानु लामाले उक्त लघु कथाहरूमा पनि निम्नमध्यमवर्गका मानिसको याथार्थिक जीवनलाई प्रस्तुत गरेका छन्। अतः कथाले जीवन र जीवनले कथाको यथार्थ रूप प्रस्तुत गर्नसक्नु सानु लामाका कथाको विशेषता रहेको पाइन्छ।

### ३.२.२ सानु लामाको उपन्यासको परिचय

सानु लामाको 'हिमालचुली मन्तिर' संस्मरणात्मक कृतिका रूपमा रहेको भए तापनि यसलाई उपन्यासका रूपमा मान्यता दिन सकिन्छ । सानु लामा उपन्यास लेखनतर्फ पनि लागेको उल्लेख पाइन्छ। 'हिमालचुली मन्तिर' सम्भवतः यसैको परिणाम हो भन्ने विचार घनश्याम नेपालको रहेको छ।[२१] यसरी नै 'हिमालचुली मन्तिर' धेरै संस्मरणात्मक लेखन भए पनि यसले उपन्यासको पनि विशेषता बोकेको केही विश्लेषकहरू मान्छन्'[२२] भन्ने विचार कुमार प्रधानको रहेको छ। यस्तै प्रकारले 'सानु लामाको 'हिमालचुली मन्तिर' पुस्तकलाई अनुभवोपन्यासको कोटिमा राख्न सकिन्छ

[२०] मोहन पी दाहाल (सन् २००७), प्राक्कथन, कल्पना त्रिपाठी (सम्पा), सानु लामाका साना कथाहरू, कल्पना प्रकाशन, दार्जिलिङ, पृ १

[२१] घनश्याम नेपाल (सन् २०१४), विधा विविधा (लेखादि सङ्ग्रह), उपमा प्रकाशन, कालेबुङ, पृ ८२

[२२] कुमार प्रधान (सन् २००१), दुइ शब्द, सानु लामा, आँगन परतिर, के आर इन्टरप्राइजेस विकास क्षेत्र, गान्तोक, पृ ख

भनेर कल्पना त्रिपाठीले भनेकी छन्।[२३] वस्तुतः आजकल विद्वान्हरूले उपन्यासका अनेकौँ प्रकार देखाएर वर्गीकरण गरेका छन्, जस्तै जीवनीपरक उपन्यास, सूत्रात्मक उपन्यास, स्वैर कल्पनावादी उपन्यास, अनुभवोपन्यास आदि। यसअन्तर्गत हेर्दा पनि सानु लामाको उक्त कृतिलाई उपन्यास नै मान्न सकिन्छ। अतः धुव्रचन्द्र गौतमका समकालीन उपन्यासहरू जस्तै प्रस्तुत कृतिलाई पनि प्रयोगात्मक परिपाटीको उपन्यास मान्न सकिन्छ।

### ३.२.३ सानु लामाका आख्यानेतर कृतिहरूको परिचय

सानु लामाद्वारा लिखित आख्यानेतर कृतिहरूको परिचय दिँदा यहाँ साहित्यिक र साहित्येतरमा विभाजन गरी अध्ययन गर्ने प्रयास गरिएको छ।

### अ) साहित्यक कृति एवम् लेख

सानु लामाले कथा विधा लगायत साहित्यका अन्य विधामा पनि कलम चलाएका छन्। जस्तै- भ्रमण वृत्तान्त, अनुवाद, गीत, निबन्ध आदि। यद्यपि यी कृति, लेखादि कथाझैँ चर्चित नदेखिए तापनि ती सबै आ-आफ्नै स्थानमा महत्त्वपूर्ण रहेको कुरा नकार्न पनि सकिँदैन। यहाँ यिनै कृतिहरूको सङ्क्षेपमा अध्ययन प्रस्तुत गरिएको छ -

#### ■ भ्रमण वृत्तान्त

सानु लामाले 'आँगन परतिर' शीर्षकमा भ्रमण वृत्तान्त लेखेर आफूलाई नियात्राकारका रूपमा पनि परिचित गराएका छन्। उनको भ्रमण वृत्तान्त अध्ययन गर्दा पाठकलाई लेखकसँगै विदेश भ्रमण गरेको आभास हुँदछ। यो उनको लेखनशैलीको वैशिष्ट्य नै हो। यस पुस्तकबारे कुमार प्रधानले लेखेका छन् – 'भिन्नै छ यो 'आँगन परतिर : एउटा

---

[२३] कल्पना त्रिपाठी (सन् २०१६), सानु लामाका कथामा समाज, कदमतला, दुर्गा मन्दिर, सिलगढी, पृ ७

भ्रमण वृत्त'। शीर्षक नै स्वपरिचायक। यातायात र सञ्चार माध्यमहरूमा आएको क्रान्तिकारी परिवर्तनले साँघुरो बनाएको विश्वमा एकपल्ट सात समुन्द्रपारको भूखण्ड ठानिने यूरोप महादेश र उत्तर अमेरिकी महादेशमा पर्ने क्यानाडा केवल आँगन परतिर छ।'[२४] प्रस्तुत पुस्तकलाई कथाकारले गरेको युरोपीय देशहरू र क्यानाडाको भ्रमणको संक्षिप्त र सरस इतिवृत्त मान्न सकिन्छ। सानु लामा स्वयम्ले यात्रामा भोगेका तितामिठा यथार्थ अनुभवलाई कोशेली स्वरूप पाठकका अगाडि पस्कन उनी सफल भएका पाइन्छन्।

**■ गीत सङ्ग्रह**

सानु लामा साहित्यका विभिन्न विधामा कलम चलाउने व्यक्तिका रूपमा मान्य छन्। कथाकारका रूपमा स्थापित भइसकेका सानु लामाको साहित्यिक व्यक्तित्वको महत्त्वपूर्ण पक्षहरूमध्येको अनुसन्धेय पक्ष गीतकार व्यक्तित्व पनि हो। सन् २००० सालमा 'जहाँ बग्छ टिस्टा रङ्गीत' स्वरचित गीतहरूको सङ्कलन प्रकाशित गरेर सशक्त गीतकारको रूपमा पनि परिचित हुन पुगेका छन्। यस सङ्ग्रहमा जम्मा ३५ वटा गीतहरू सङ्ग्रहित छन्। यी गीतहरू धेरै श्रोताहरूको मन जित्न सफल भएका देखिन्छन्। त्यस्ता केही गीतहरू हुन् 'जहाँ बग्छ टिस्टा रङ्गीत', 'मितेरी साइनो लाएँ', 'तिम्रै गीत आज पनि', 'बालापनको आँगन त्यागेर', 'जीवन बन्दक राखे मायामा', 'विश्वास नगर जिन्दगीको' र 'गुन्द्रुक पकाउनु पर्दैन' आदि। उनका गीतलाई सिक्किम, दार्जिलिङ र नेपालका धेरै ख्यातिप्राप्त सङ्गीतकार र गायकहरूले सङ्गीत तथा स्वरबद्ध गरेका छन्। सानु लामाका अधिकांश गीतहरूको सङ्गीत संयोजन दुष्यन्त लामाले गरेका छन्। यी गीतहरू प्रायः आकाशवाणी गान्तोक र खरसाङबाट प्रसारित हुने गर्दछन्।

---

[२४] कुमार प्रधान (सन् २००१), दुइ शब्द, सानु लामा, आँगन परतिर, पूर्ववत्, पृ ख

## ■ अनुवाद

सानु लामा एकजना सफल अनुवादक पनि हुन्। उनले अनुवाद गरेका कृतिहरू- 'गुरु पद्‌म सम्भव साधना' (खण्ड १ र २, सन् १९९३) र 'भगवान बुद्ध, जीवन र दर्शन' (सन् २००१) हुन्। 'गुरु पद्‌म सम्भव साधना'-लाई तिब्बती भाषाबाट अङ्ग्रेजीमा रिङ्गु टुल्कुले अनुवाद गरेका हुन्। सोही पुस्तकलाई नेपालीमा सानु लामाले अनुवाद गरेका छन् । पालि भाषाका पण्डित श्री धर्मानन्द कोसम्बीद्वारा लिखित 'भगवान बुद्ध, जीवन र दर्शन' ग्रन्थलाई सन् १९९३ सालमा साहित्य अकादेमीले हिन्दी भाषामा प्रकाशित गरेको थियो। यसैलाई प्रथमपल्ट नेपालीमा सानु लामाले अनुवाद गरेका हुन्। यस पुस्तकलाई बौद्ध धर्मसम्बन्धी एउटा प्रामाणिक ग्रन्थ मान्न सकिन्छ।

## ■ निबन्ध

सानु लामाको पहिलो लेख 'खुकुरीको आत्मकथा' शीर्षकमा लेखिएको थियो। तर यो अहिले अप्राप्य रहेको छ। यसरी साहित्यको क्षेत्रमा उनले निबन्ध विधाबाट प्रवेश गरेको भए तापनि हालसम्म उनको कुनै निबन्ध सङ्ग्रह प्रकाशित भएको छैन। प्रस्तुत निबन्ध पश्चात् अर्को निबन्ध 'सिक्किममा नेपाली साहित्यको गतिविधि' सन् २००८मा प्रकाशित उनको तेस्रो कथा सङ्ग्रहमा नै समावेश गरी प्रकाशित गरेका छन्। यसैको आधारमा उनलाई एकजना निबन्धकारको रूपमा पनि लिन सकिन्छ। उनको पहिलो लेख हालमा अप्राप्य रहेकोले उक्त दोस्रो लेख उनको एउटा मात्र निबन्धको रूपमा रहेको देखिन्छ। उनले पनि यो एउटै निबन्ध कतै हराइजाला भनेर कथा सङ्ग्रहमा समावेश गरेको कुरा उल्लेख गर्दै यसरी आफ्नो विचार व्यक्त गरेका छन् –

'सिक्किममा साहित्यिक गतिविधि' निबन्ध यस सङ्ग्रहको अन्त्यमा देखेर धेरै चकित

होलान्। निबन्ध उस्तो लेख्तिनँ, यो एउटा लेखेको कतै हराइजाला कि भन्ने सम्झेर जबरजस्ती यसलाई यहाँ ठाउँ दिएको।'[२५]

सानु लामाद्वारा लिखित कथाहरूका प्रायः शीर्षक नै स्वपरिचायक बन्न पुगेको देखिन्छ भने यस लेखको पनि शीर्षक नै स्वपरिचायक बनेको छ। यसमा उनले सिक्किमको क्षेत्रफल र वर्तमान बासिन्दाहरूको संक्षिप्त चर्चा गर्दै नेपाली साहित्यमा सिक्किमका पत्रपत्रिका तथा सङ्घसंस्थाहरूले पुऱ्याएको महत्त्वपूर्ण योगदानबारे चर्चा गरेका छन्। अतः सानु लामाद्वारा लिखित प्रस्तुत लेखलाई नेपाली साहित्यमा सिक्किमले गरेको योगदानबारे संक्षिप्त तर महत्त्वपूर्ण चर्चा गर्दै लेखिएको इतिहास विषयक लेख मान्न सकिन्छ।

**आ) साहित्येतर व्यक्तित्वको परिचय**

सानु लामा सरकारी अभियन्ताको पदमा रहेर पनि विभिन्न स्वयम् सेवी सङ्घ संस्थामा सङ्लग्न रहेको पाइन्छ। सरकारी पदमा रहँदा वहन गर्नुपर्ने उत्तरदायित्वप्रति उनी सदैव इमान्दार रहेका छन्। कर्तव्यप्रति निष्ठावान् साथै रसिलो व्यवहार भएका सानु लामा एकजना कुशल प्रशासक पनि हुन्। यस प्रसङ्गमा चुनिलाल घिमिरेको 'जस्तोसुकै परिस्थितिमा पनि नआतिई, हतार नगरी गर्ने सानु लामाको बानी र शैली उनले भगवानबाट नै वरदान स्वरूप प्राप्त गरेका हुन्। यसैले जीवनका व्यस्तता (आपाधापी), सरकारी व्यस्तता, कहिले काहीँ आइपर्ने नियमित आकस्मिकताभित्र पनि आफूलाई धैर्यवान् राख्न सफल देखिन्छन्'[२६] भन्ने टिप्पणी उल्लेखनीय रहेको छ।

---

[२५] सानु लामा (सन् २००८), सूर्यको तेस्रो किरण, पूर्ववत्, पृ XIV

[२६] चुनिलाल घिमिरे (सन् २००५), पद्मश्री सम्मानद्वारा विभूषित कथाकार सानु लामा (जीवनी पुस्तक), पूर्ववत्, पृ २४

अभियन्ताको रूपमा सिक्किम सरकारका सेवामा लागेपछि आफ्नो कर्म क्षेत्रमा सिक्किमेली जनजीवनका दुःखसुख, भावअभाव आदिका अनेक प्रत्यक्ष तथा परोक्ष पक्षहरूलाई सानु लामाले नजिकबाट हेर्ने र चिन्ने मौका पाएको देखिन्छ। आफ्नो काम लिएर गाउँघर, भेकअभेक, पाखापखेरो डुल्नुपर्दा त्यहाँका जनजीवनसित उनको हेलमेल बढ्दै गएको देखिन्छ। यसर्थ, सिक्किमका विभिन्न क्षेत्रका अनुभवले उनलाई नेपाली समाजका एकजना प्रसिद्ध व्यक्ति मात्र नभएर एकजना अभिभावकको रूपमा पनि मान्यता दिन सकिन्छ। भारतीय नेपाली साहित्यमा मात्र सीमित नरहेर सम्पूर्ण नेपाली साहित्य जगतमा नै सुप्रसिद्ध रहेका सानु लामा भावी पुस्ताका निम्ति एउटा आदर्श व्यक्ति बन्न गएका छन्।

### ३.३ अन्यान्य

सानु लामाले देश-विदेश भ्रमण गरेका छन्, जुन कुरा वहाँको आँगन परतिर पुस्तकबाट स्पष्ट बुझिन्छ। यसका अतिरिक्त उनले विभिन्न मान-सम्मान तथा पुरस्कारहरू प्राप्त गरिसकेका छन्। यहाँ यिनी कुराहरूलाई अन्यान्यअन्तर्गत राखेर अध्ययन प्रस्तुत गरिएको छ –

### अ) देश र विदेश भ्रमण

सिक्किम जस्तो सानु राज्यबाट धेरै देशविदेशहरूको भ्रमण गर्ने विरलै व्यक्तिहरूमध्ये सानु लामा एकजना हुन्। उनी भ्रमण गर्न जाँदा प्रत्येक ठाउँका मानिस, जीवनशैली, त्यहाँका रहन-सहन, संस्कृति तथा भौगोलिक स्थिति आदिलाई टिपेर राख्ने गर्छन्। फलस्वरूप, 'आँगन परतिर' जस्तो भ्रमण वृत्तान्त प्रकाशित छ। भ्रमण कार्यमा निकै

रुची राख्ने सानु लामा आफ्ना अध्ययनरत अवस्थादेखि नै देशभित्र र बाहिर भ्रमण गर्दै आएका छन्। अध्ययनको सिलसिलामा होस् या जागिरको सिलसिलामा वा धार्मिक संस्थागत रूपमा होस् अथवा आफ्नो रुचीले गर्दा होस् आजसम्म उनले धेरैवटा ठाउँहरू भ्रमण गरिसकेका छन्। उनले हालसम्म भ्रमण गरेका देश र विदेशका स्थानहरू यसप्रकार छन् -

- देशभित्रका स्थानहरू - पश्चिम बङ्गाल, आसाम, कर्नाटक, चेन्नाई, मुम्बई, दिल्ली, मणिपुर, राजस्थान, हिमाचल प्रदेश आदि।
- देशबाहिरका स्थानहरू - अमेरिका, इक्वेडर, इङ्ग्ल्यान्ड, क्यानाडा, स्पेन, अर्जेन्टिना, मेक्सिको, स्वीडेन, सिङ्गापुर, हङकङ, कोलम्बिया, कोस्टारिका, ताइवान, थाइल्यान्ड, नेपाल, जर्मली, मङ्गोलिया आदि।

**आ) मान, पद्वी एवम् सम्मान**

एकजना दक्ष अभियन्ता साथै प्रतिष्ठित कथाकार भएर पेसागत र साहित्यिक दुवै व्यक्तित्वको समानान्तर विकास गरेको कुरा उनले हालसम्म प्राप्त गरेका विभिन्न मान-सम्मान तथा पदकहरूबाट चाल पाउन सकिन्छ। उनले पाएका सम्मान र पुरस्कारहरू निम्नप्रकार छन् -

- ग्रामीण जल वितरण परियोजना औ आरोग्य विषयमा प्रमाण पत्र अखिल (अमेरिकेली स्वच्छता ब्युरो, सन् १९८३),
- भानु पुरस्कार, सिक्किम (सन् १९९२),
- भारतको साहित्य अकादेमी पुरस्कार, दिल्ली ('मृगतृष्णा' कथा सङ्ग्रहको लागि, सन् १९९३),

- नेपाली भाषा र साहित्यमा उल्लेखनीय योगदान पुऱ्याए बापत मदन व्याख्यान माला, बनारस (सन् २०००),
- डा शोभाकान्ति थेगिम (लेप्चा) स्मृति पुरस्कार (सन् २००१),
- भारतकै विशिष्ट नेपाली प्रतिभाहरूसँगै सिक्किम सरकारले 'सिक्किम सम्मान सम्मिलन'-मा सम्मानित (सन् २००४),
- 'पद्मश्री' पुरस्कार (सन् २००५)।

यसका अतिरिक्त सानु लामालाई विभिन्न साहित्य संस्थानहरूले अभिनन्दन पत्र पनि प्रदान गरिसकेका छन्।

## ३.४ निष्कर्ष

सानु लामाको व्यक्तित्व र कृतित्वको अध्ययनबाट प्राप्त तथ्याङ्कहरूलाई यहाँ निष्कर्षको रूपमा निम्नलिखित बुँदाहरूमा प्रस्तुत गरिन्छ –

- सानु लामा एकजना कुशल अभियन्ताका साथै साहित्यका विभिन्न विधामा कलम चलाउने वरिष्ठ साहित्यकार पनि हुन्।
- सानु लामा आफूले एकपल्ट रोजेर साधनापूर्वक निर्माण गरेको मार्ग र परिपाटी सितिमिती छोड्दैनन्। उनी दृढ्तापूर्वक त्यसैमा अडिएर बस्छन् भन्ने कुरा उनको व्यक्तित्त्व र कृतित्त्वको अध्ययनबाट स्पष्ट हुँदछ।
- भारतीय नेपाली कथा क्षेत्रमा सानु लामा एउटा व्यापक रूपमा परिचित नाउँ हो।

- समाजका स-साना घटना प्रसङ्गलाई जीवन्तता दिँदै कथा लेख्ने कथाकार सानु लामाका कथाले विशेष रूपमा सम्पूर्ण नेपालीहरूको जीवनवृत्त बोकेको आभास हुँदछ।
- उनलाई विशेष सामाजिक, आञ्चलिक यथार्थवादी प्रवृत्ति अँगाल्ने कथाकारका रूपमा परिभाषित गर्न सकिन्छ।
- कथाको आरम्भदेखि नै पाठकवर्गमा कौतुहल जगाउन सक्नु उनका कथाको विशेषता रहेको छ।
- स्थानीय वस्तु-तथ्यका आधारमा मानवीय जीवनका स्थिति तथा सङ्कटहरूको सत्यापन गराउँदै कथाको निर्माण गर्ने वरिष्ठ भारतीय नेपाली कथाकारहरूमध्ये सानु लामा पनि एकजना हुन्।
- सानु लामा थोरै लेखेर धेरै प्रतिष्ठा प्राप्त गर्न सफल भएका कथाकार हुन्।